धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुनसरी, प्रदेश नं. १, नेपाल

नगर कार्यपालिका वैठक, वैठक संख्या ७/०७७/०७८

आज मिति २०७७ साल पुस १२ गते आईतवार विहान ८:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्रीतिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिती:

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोषन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्र बहादुर लिम्बू | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री रत्न बहादुर कटवाल | नि प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | दिल बा० तामाङ | का० वा० अध्यक्ष वडा नं०- २ | |
| २. | श्री मा पुलामी राई | का. वा. अध्यक्ष वडा नं. १४ | |
| ३. | | | |
| ४. | | | |
| ५. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

## मिति २०७७।०९।०९ गतेको बैठकको निरन्तरता

**१२. विद्यालयहरु संचालन सम्बन्धमा :—**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय संचालन कार्यविधिको ढाँचा २०७७ बनाई मन्त्री स्तरीय निर्णय भै पठाएको र उक्त ढाँचामा हाल कोभिड १९ को कारण बन्द रहेका विद्यालयहरू संचालन गर्ने र शुल्क निर्धारण गर्ने सम्बन्धमा स्थानीय तहको निर्णय अनुसार हुने व्यबस्था भएकाले नगरपालिकावाट विभिन्न सरोकारवालाहरू संग छलफल एवं समिति वनाई समितिको सुझाव समेतका आधारमा मिति २०७७।०८।२४ मा विद्यालय संचालन सम्बन्धमा र शुल्क निर्धारण सम्बन्धमा भएको निर्णय आजको बैठकमा जानकारी गराईयो साथै उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**१३. खानेपानी व्यबस्थापनको जानकारी सम्बन्धमा :—**

खानेपानी व्यबस्थापनको लागि हाल सम्म नगरपालिकावाट गरेका प्रयासहरूको जानकारी यस अघिको बैठकमा समेत प्रशस्त छलफल गरिकाले आजको बैठकमा अघिल्लो छलफललाई आधार मानि नगरवासीको हितहुने गरी कार्य अगाडी बढाउने सुझाव सम्बन्धमा छलफल साथै जानकारी गराइयो ।

**१४. भूमि सम्बन्धी समस्या समाधान आयोग संगको सम्झौताको जानकारी सम्बन्धमा :—**

नेपाल सरकारबाट भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थीत वसोबासीहरुको व्यवस्थापन गर्नकालागि गठित भूमि सम्बन्धी समस्या समाधान आयोग र धरान उपमहानगरपालिका बिच भएको समझदारी पत्रको बारेमा नगर प्रमुखबाट वैठकलाई जानकारी गराईयो । साथै आयोगको काममा सहयोग पुग्ने गरी सबै वडाहरुमा आन्तरिक तयारी गर्ने समेत निर्णय गरियो ।

**१५. बी. पी. कोईराला स्वास्थ्य विज्ञान विश्वविध्यालय ऐन सम्बन्धमा :—**

बी. पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई विश्वविध्यालय वनाउने उद्देश्यले तयार गरिएको वी.पी. कोईराला स्वास्थ्य विज्ञान विश्वविध्यालय सम्बन्धी विधेयकको मस्यौदा सुझावकालागि प्राप्त भएको व्यहोरा बैठकमा जानकारी गराईयो । उक्त मस्यौंदा अध्ययन गरेर सबैले सुझाव नगरपालिकामा उपलब्ध गराउने र नगरपालिकावाट एकमुष्ठ सुझाव बुझाउने निर्णय गरियो ।

**१६. महेन्द्र बहुमुखी क्याम्पसमा कक्षा संचालन अनुमति सम्बन्धमा :—**

महेन्द्र बहुमुखी क्याम्पसबाट विश्वव्यापी महामारीको रुपमा फैलिएको नोबल कोरोना भाइरसको कारण क्याम्पसमा प्रत्यक्ष कक्षा सञ्चालन कार्य रोकिएकोमा हाल आएर त्रिभुवन विश्व विद्यालयबाट स्थानीय तहहरु सँग समन्वय गरी जोखिम नियन्त्रणका सम्पूर्ण प्रकियाहरु अवलम्बन गर्दै कक्षा सञ्चालनको निर्देशन भएको हुँदा कक्षा सञ्चालन गर्न अनुमति प्रदान गरिदिनुहुन भनी पत्राचार भएकोमा हाल आएर कोरोना भाइरसको प्रभाव केहि मात्रमा घटेको साथै विद्यालयहरु समेत स्वास्थ्य सम्बन्धी सम्पूर्ण मापदण्डहरु पुरा गरी सञ्चालन हुन लागेकाले स्वास्थ्य सुरक्षा सम्बन्धी सम्पूर्ण मापदण्डहरु पुरा गरी प्रत्यक्ष कक्षा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**१७. सहकारी दर्ता सम्बन्धमा :—**

नेपालको संविधानले नगर क्षेत्रमा रहेका सहकारीहरूको व्यबस्थापन गर्ने अधिकार नगरपालिकालाई दिएकाले धरान उपमहानगरपालिकाले सहकारी सम्बन्धी ऐन तथा नियमावली समेत बनाई काम गरि रहेको र सहकारीहरूको व्यबस्थीत गर्न नयां सहकारी दर्ता रोक लगाएकोमा अब नगरपालिकाले वनाएको सहकारी ऐन तथा नियमावली अनुसार दर्ता प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

**१८. आर्थिक सहयोग सम्बन्धमा :—**

विभिन्न समयमा प्रकृतिक प्रकोपको कारणबाट क्षती पुगी आर्थिक सहयोग माग गरी परेका निवेदनहरु र विभिन्न रोगको उपचारका लागि सहयोग माग गरी परेका निवेदनहरुमा तपसिल बमोजिम सहयोग उपलब्ध गराउँने निर्णय गरियो ।

तपसिल

क) विष्णुकुमार राई - धरान - १४, आगलागी बाट घरजलेको रू १५०००।

ख) कमल राई – धरान -१४, आगलागी बाट घरजलेको रू १५०००।

ग) नरबहादुर श्रेष्ठ - धरान -१५, आगलागीबाट घर र सामान जलेको रू २५०००।

घ) मो. तालिम ड्राइ क्लिनर्स - धरान-१, गुम्तीमा आगलागी रू १५०००।

ङ) देवी राउत - धरान-१, चिया पसल खुद्रा पसलमा आगलागी रू १५०००।

च) विक्रम श्रेष्ठ - धरान-१६, पसलमा आगलागीबाट क्षती भएको रू १५०००।

छ) अंगिता राई - धरान - ८, मृगौला उपचार सहयोग रू २००००।

ज) गिता मगर - कार्यालय सहयोग , कोरोना उपचार सहयोग रू १५०००।

झ) गंगा वरदान - धरान-१४, गित रेकर्डिङ्ग सहयोग रू १५०००।

ञ) रुद्रप्रसाद काफ्ले - धरान-१५, आगलागी सहयोग रू २५०००।

ट) शिवराज श्रेष्ठ – धरान -१५, क्षयरोग उपचार सहयोग रू १००००।

ठ) पवित्रा कुमारी श्रेष्ठ - धरान-१, क्यान्सर उपचार सहयोग रू २५०००।

ड) तिलकबहादुर राई - धरान-११, अवकास प्राप्त कर्मचारी सहयोग रू २५०००।

ढ) अशोक पोखरेल – धरान – १४ उपचार सहयोग रू १००००।

ण) हरि गौतम – धरान ६, आगलागि पिडित रू १५०००।

त) डम्बर वहादुर राई – पत्रकार, उपचार सहयोग रू २५०००।

थ) सुरेश गन्धर्व गायक – धरान ८, उपचार सहयोग रू २५०००।

द) शान्ता कुमारी राई – धरान १६, उपचार सहयोग रू १००००।

ध) गंगा तुम्सा लिम्बु-धरान १३, घर आगलागीबाट जलेको रु. १५००० ।

१९. विविध

**क) युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाका लागी योजना छनौट सम्बन्धमा :–**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वाट प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (युवारुप) कार्यक्रम संचालनकालागि धरान उपमहानगरपालिकालाई चालु आ. ब. मा प्राप्त वजेटवाट कार्यक्रम संचालन गर्ने प्रयोजनकालागि योजना छनौट गर्न वडा कार्यालयहरुसँग योजना माग गरिएकोमा वडा कार्यालयहरुवाट प्राप्त योजनाहरु मध्ये मिति २०७७।०९।०८ गते वसेको प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय समन्वय समितिको बैठकवाट सिफारिस भएका तपशिलका योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

१. वडा नं १, पुरानो धरान अस्पतालमा संचालित धरान स्वास्था चौकी र प्रसुती गृहको मर्मत
२. वडा नं. २, भानुचौक सरसफाई कार्यक्रम
२. वडा नं ३, गैरी कुवा संरक्षण र तुर्के जलाधार क्षेत्रको संरक्षण
३. वडा नं ४, शिबजट्टा देखि सिंहदेबी गुफा जाने पदमार्ग निर्माण
४. वडा नं ५, युवाहरूकालागि फूटबल खेलमैदान निर्माण
५. वडा नं ६, खनाले कुलो मर्मत र बाटो तथा खोला सरसफाई
६. वडा नं ७, खहरे सरसफाई
७. वडा नं ८, निर्माणाधिन बस पार्क क्षेत्रमा झाडि फाड्ने
८. वडा नं १०, विभिन्न टोलहरुमा ड्रेन सरसफाई गर्ने
९. वडा नं ११, सगरमाथा खेलमैदान मर्मत संभार र मंगलबारे चोक स्थित चौतारो मर्मत
१०. वडा नं १२, विभिन्न टोलमा ड्रेन सरसफाई

११.वडा नं १३, जिरोपोईन्ट देखि फुस्रे चोकसम्मको ड्रेन सरसफाई
१२. वडा नं १४, मठमन्दिरहरूको सरसफाई
१३. वडा नं १५, विभिन्न टोलहरुमा ड्रेन सरसफाई
१४. वडा नं १६, जोरसखुवा खानेपानी पाइप विस्तार र तारा सुब्बा स्मृति पार्कमा फूलका विरुवा रोप्ने
१५. वडा नं १७, सप्तरंगी पार्कमा झाडी फाड्ने कार्य
१६. वडा नं १८, विभिन्न टोलहरुका ड्रेन सरसफाई
१७. वडा नं २०, देविगाउ देखि भन्ज्याङ्ग सम्मको ड्रेन सफाई

**ख) विद्यालय स्तर वृद्धिको अनुमति सम्बन्धमा :–**

धरान क्षेत्रमा संचालन भएका विभिन्न विध्यालयहरूले शैक्षिक सत्र २०७७ देखि कक्षा थप र केहि पूर्व प्राथमिक विध्यालय संचालन गर्न चाहनेहरूले तोकिएका कागजातहरू सहित निवेदन पेश गर्न शिक्षा युवा तथा खेलकुद महाशाखावाट सूचना प्रकाशन गरिएकोमा निर्धारित समयमा निवेदन पेश गरेका विध्यालयहरू सम्बन्धित महाशाखावाट स्थलगत अनुगमन समेत गरी पेश गरेको प्रतिवेदनहरू समेतका आधारमा पेश गरेको प्रतिवेदन अनुसार स्तर बृद्धि र नयां संचालन अनुमति प्रदान गर्ने निर्णय गरियो । बिस्तृत विवरण पछाडी टासगरी प्रमाणित गरिएको छ

**ग) खानेपानी मुहान दर्ता सिफारिस समितिमा सदस्यको मनोनयन सम्बन्धमा :–**

धरान उपमहानगरपालिका क्षेत्रमा रहेका विभिन्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई व्यस्थित गर्न खानेपानी तथा सरसफाई व्यवस्थापन कार्यविधी २०७७ बनेको र उक्त कार्यविधीको दफा ४ मा खानेपानी मुहान उपयोगका लागी अनुमति माग गरी पर्न आएका निवेदनमा जाँचबुझ गरी सिफारिस गर्न समिति गठन गर्ने व्यवस्था भएको र उक्त समितिमा कार्यपालिकाबाट विज्ञ सदस्य मनोनयन गर्नु पर्ने भएको हुँदा तपसिलका विज्ञहरुलाई समितिमा मनोनयन गर्ने निर्णय गरियो ।

क) खानेपानी तथा सरसफाई विज्ञमा पूर्वाञ्चल ईन्जिनियरिङ्ग क्याम्पस धरानका उप प्राध्यापक काजीराम कार्की
ख) जलस्रोत विज्ञमा पूर्वाञ्चल ईन्जिनियरिङ्ग क्याम्पस धरानका सह प्राध्यापक जावेद आलम

**घ) सल्लाहकार समिति र विज्ञ समिति गठन भएको जानकारी सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको कार्य सम्पादन नियमावली २०७४ मा भएको व्यवस्था अनुसार मिति २०७७/०८/१२ गतेको नगर प्रमुख स्तरीय निर्णयानुसार नगर प्रमुख वा नगर कार्यपालिकाबाट हुने काम कार्वाहिलाई व्यवस्थित गर्नका लागि सल्लाहकार समिति र विज्ञ समिति गठन भएको नगर प्रमुखबाट वैठकमा जानकारी गराईयो ।

**ङ) नगर प्रहरीहरूको कल्याण कोष र विमा गरिदिने सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको नगर प्रहरी शाखामा कार्यरत पछि करारमा नियुक्ति भएका नगर प्रहरीहरूको विमा नभएको र नगर प्रहरीको कामको प्रकृति अनुसार जोखिमपूर्ण कामहरू समेत गर्नु पर्ने भएकाले नगरपालिकाका अन्य कर्मचारी सरह जीवन विमा गरिदिने र अन्य करारका कर्मचारीहरूको सरह सेवा निर्बृत्त कोषमा सहभागिता गराउने निर्णय गरियो ।

**च) धरान डे मनाउने सम्बन्धमा :–**

धरान उपमहानगरपालिकाले हरेक साल पुष २० गते विभिन्न कार्यक्रमहरूको आयोजना गरी धरान उत्सव मनाउदै आएकोमा यस वर्ष कोरोना भाईरसका कारण विभिन्न कार्यक्रमहरू आयोजना गरी मनाउन सकिने अबस्था नरहेकाले हरेक वडाहरूले वडा तहमा बढीमा रू १००००। सम्मका कार्यक्रम स्वास्थ्य सम्बन्धी मापदण्डहरू पूरागरी संचालन गर्ने साथै साझँमा भानुचोकमा दीपावली गर्ने समेत निर्णय गरियो ।

**आजको वैठक ११:३० मा समाप्त भयो ।**

**वैठक निर्णय माईनुट गर्ने वरिष्ठ प्रशासकीय अधिकृत गणेश प्रसाद खतिवडा**

शैक्षिक सत्र २०७७ देखि कक्षा थप तथा पूर्व प्राथमिक कक्षा सञ्चालनको अनुमति प्रदान गरिएका विद्यालयहरु

| क स | विद्यालयको नाम र ठेगाना | किसिम | कक्षा थप गर्न अनुमति प्रदान गरिएको कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | श्री धरान स्कलर्स एकेडेमी धरान १५ | संस्थागत | १० | |
| २ | च्याम्पियन ई.स्कुल धरान १५ | संस्थागत | १० | |
| ३ | श्री देउराली चिल्ड्रेन एकेडेमी धरान ५ | संस्थागत | ९ | |
| ४ | सिद्धार्थ शिशु सदन धरान १६ | संस्थागत | ९ | |
| ५ | आवर होम ई.स्कुल धरान १९ | संस्थागत | ८ | |
| ६ | सम्यक शिक्षा आवि धरान १७ | सामुदायिक | ७ | |
| ७ | श्री देउराली पञ्चकन्या विलिभर्स ई. स्कुल धरान ६ | संस्थागत | ६ | |
| ८ | हेब्रोन ई.बो.स्कुल धरान ६ | संस्थागत | ६ | |
| ९ | आशा एकेडेमी धरान ६ | संस्थागत | ६ | |
| १० | श्री राईजिङ ईङ्लिस स्कुल धरान ५ | संस्थागत | ५ | |
| ११ | ज्ञान निकेतन ई.स्कुल धरान १५ | संस्थागत | ५ | |
| १२ | श्री समानता एकेडेमी धरान १५ | संस्थागत | ४ | |
| १३ | श्री उज्वल तारा एकेडेमी धरान ६ | संस्थागत | ४ | |
| १४ | मन्टेश्वरी किन्डरगार्डेन धरान १६ | संस्थागत | ४ | |
| १५ | जोल साय एकेडेमी धरान ११ | संस्थागत | ४ | |
| १६ | श्री विजयपुर मावि धरान १ | संस्थागत | ३ | |
| १७ | धरान ई.बो.स्कुल धरान ५ | संस्थागत | ३ | |
| १८ | एप्पल मन्टेश्वरी धरान ११ | संस्थागत | २ | |
| १९ | कारमेल हाई स्कुल धरान १८ | संस्थागत | १ | |
| २० | श्री सनराईज मन्टेश्वरी धरान ८ | संस्थागत | पूर्व प्राथमिक कक्षा | |
| २१ | श्री मेरो मन्टेश्वरी धरान १३ | संस्थागत | पूर्व प्राथमिक कक्षा | |

शैक्षिक सत्र २०७७ देखि कक्षा थप सञ्चालनको अनुमति प्रदान गरिएका विद्यालयहरु

| क स | विद्यालयको नाम र ठेगाना | किसिम | कक्षा थप गर्न अनुमति प्रदान गरिएको कक्षा | ऐच्छिक विषयहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | पब्लिक हाईस्कुल धरान १२ | सामुदायिक | ११ | कम्प्युटर विज्ञान | विषय थप मात्र |
| २ | सहिद स्मृति मावि धरान ८ | सामुदायिक | ११ | व्यवस्थापन समूहका विषयहरु रहने गरी | |
| ३ | हिमालयन बो.ई.स्कुल धरान १२ | संस्थागत | ११ | विज्ञान समूहका विषयहरु रहने गरी | |
| ४ | के.के.ईन्टरनेशनल स्कुल धरान १५ | संस्थागत | ११ | व्यवस्थापन समूहका विषयहरु | विषय थप मात्र |
| ५ | सुनाखरी एकेडेमी धरान १२ | संस्थागत | ११ | व्यवस्थापन समूहका विषयहरु रहने गरी | |
| ६ | लोटस विद्या विहार धरान १३ | संस्थागत | ११ | व्यवस्थापन समूहका विषयहरु रहने गरी | |
| ७ | प. (दन्तकाली) मावि धरान १४ | सामुदायिक | ११ | शिक्षा समूहका विषयहरु रहने गरी | |
| ८ | पिण्डेश्वर स.मावि धरान १४ | सामुदायिक | ११ | संस्कृत समूहका विषयहरु रहने गरी | |
| ९ | आईडियल ई.बो.स्कुल धरान १४ | संस्थागत | ११ | व्यवस्थापन समूहका विषयहरु रहने गरी | |